# गैडहवा गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय,
# विष्णुपुरा, रुपन्देही

**लुम्बिनी प्रदेश**

## हाट बजार बैठकी कर सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना !!!

**प्रथम पटक सूचना प्रकाशित मिति : २०७७/०९/१४ गते**

यस गैडहवा गाउँ कार्यपालिकाको कार्यालय,रुपन्देहीको क्षेत्रभित्र लाग्ने तपशिल बमोजिमका हाटबजारको आर्थिक वर्ष ०७७/०७८ का लागि तपशिल बमोजिमका शर्त र अधिनमा रही हाटबजार बैठकी कर असुल उपर गर्न ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले १५ (पन्ध्र) दिने शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**तपशिल :**

१ न्यूनतम कबोल रकम :६/गैडहवा/राजश्व/०७७०-७८(शुकबारे साप्ताहिक शान्तिबजार, गैडहवा-७, रुपन्देही: रु ४२०००।- )

२. दरभाउपत्र फारम रु. १०००।००(पछि फिर्ता नहुने गरी) गाउँ कार्यपालिकाको कार्यालयबाट खरिद गर्नुपर्नेछ ।

३. दरभाउपत्र फारम पेश गर्न नेपाली नागरिक भए ५% र गैह्र नेपाली नागरिक भए १०% रकम यस कार्यालयको एन.आई.सी.एशिया बैंक गैडहवा शाखामा रहेको धरौटी खाता नं. ११०CA५००१४८१६००४ मा जम्मा गरेको सक्कल बैंक भौचर संलग्न हुनुपर्ने वा उल्लेखित रकम नगदै दरभाउपत्र साथ दाखिला भएको हुनु पर्नेछ ।

४.दरभाउपत्र स्वीकृत भएको मितिले ७ (सात) दिन भित्रमा प्रथम किस्ता रकम जम्मा गरी इजाजत पत्र (पट्टा) उठाई सक्नुपर्नेछ । अन्यथा धरौटी जफत गरी दोस्रो दरभाउपत्र स्वीकृत गर्न सकिनेछ ।

५. दरभाउपत्र फारममा कार्यालय प्रमुखको सही छाप नभएको मान्यता हुने छैन् ।

७. दरभाउ रकम बढीमा ३ किस्तामा बुझाउनु पर्नेछ । ठेक्काको कबोल अंकको ४० प्रतिशत रकम (धरौटी बाहेक) र अग्रिम आयकर वापतको रकम ठेक्का सम्झौताको बखत एकमुष्ट जम्मा गर्नुपर्नेछ । बाँकी ६० प्रतिशत रकम मध्ये ३० प्रतिशत रकम मिति २०७७ फाल्गुन मसान्त भित्र जम्मा गरी सक्नु पर्नेछ । बाँकी ३० प्रतिशत रकम मिति २०७७ जेष्ठ मसान्त भित्र जम्मा गरी सक्नुपर्नेछ ।

८. दरभाउपत्र फारम मिति २०७७/०९/२८ गतेका दिन दिनको १२ :०० बजे सम्ममा दर्ता गराई सक्नुपर्नेछ । सोही दिनको २ :०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा वा उपस्थित भएका अन्य व्यक्तिहरुको रोहवरमा गैडहवा गा.पा.को कार्यालयमा दरभाउपत्र खोलिनेछ । उक्त दिन सार्वजनिक विदा पर्न गएमा भोलिपल्ट सोही समयमा दरभाउपत्र खोलिनेछ ।

९.रित नपुगी आएको दरभाउपत्रलाई मान्यता दिईने छैन ।

१०. हाटबजार बैठकी तथा सवारी साधन स्टेण्ड कर गाउँ कार्यपालिकाको कार्यालयको दररेट अनुसार हुनेछ ।

११. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार गाउँ कार्यपालिकाको कार्यालयमा निहित रहनेछ ।

१२. वक्यौता रकम भएका दरभाउपत्रदाताहरुले दरभाउपत्र हाल्न पाइनेछैन् ।

१३. कबोल गरेको रकम शुरुमै नगद बुझाई सम्झौता गर्नेलाई १०% छुट दिईनेछ ।

१४. कुनै पनि प्रकारको वहानामा घाटा भएको भनि मिनाहा दावी गर्न पाईनेछैन ।

१५. बजार व्यवस्थापनका लागि साधारण मर्मत सम्भार सम्बन्धि कार्य दरभाउपत्रदाता स्वयंले गर्नुपर्नेछ । सोको खर्च दावी गर्न पाईनेछैन् ।

१६. दरभाउ फारमका साथ नेपाली नागरिकको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी अनिवार्य हुनुपर्नेछ ।

१७. आफूले कबोल गरेको ठेक्का अंक रकम प्रष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई आफै वा आफ्नो प्रतिनिधिद्धारा दरभाउपत्र दिनुपर्नेछ र अंकमा ओभरराइटिङ वा केरमेट भएमा अक्षरलाई मान्यता दिईनेछ ।

१८.न्यूनतम ठेक्का अंक भन्दा घटी कबोल गरी टेण्डर पेश गरेमा सो टेण्डर माथि कुनै कारवाही हुने छैन ।

१९.ठेकेदार र यस गा.पा. बीच ठेक्का शर्तमा ठेक्का संचालन सम्बन्धि अन्य विषयमा कुनै विवाद उठेमा यस गा.पा.को गाउँ कार्यसमितिको निर्णय अन्तिम हुनेछ । यसमा ठेकेदारको कुनै उजुरी लाग्ने छैन ।

२०. ठेक्का सम्झौता गर्दा ६० प्रतिशत रकम बराबरको बैंक ग्यारेण्टी इजाजत प्राप्त बाणिज्य बैंकको २०७८ साल असार मसान्त सम्मको म्याद भएको (परफरमेन्स वण्ड) बैंक ग्यारेण्टी वा अचल सम्पत्ति धितो पेश गर्नुपर्नेछ ।

२१. ठेक्का बन्दोवस्तको अवधि २०७७ साल माघ १ गते देखि २०७८ साल असार मसान्त सम्म सम्मका लागि हुनेछ ।

२२. सवारी साधन स्टेण्डको हकमा सवारी साधनको सम्पूर्ण रेखदेखको जिम्मेवारी दरभाउपत्रदाताको हुनेछ । हराएमा दरभाउपत्रदाता स्वयंमले क्षतिपूर्ति व्यहोर्नु पर्नेछ

२३. यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

२४. अन्य थप जानकारीका लागि गैडहवा गा.पा.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

सम्पर्कका लागि : ९८४४७८७८८८

०७७।९।१४

प्रमुख प्रशासकिय अधिकृत

चिरन्जिवि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत